सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं.-२०८३।०८४ (शिक्षा,युवा तथा खेलकुद शाखा)
चलानी नं.- 303

मितिः २०८३।०५।२५
ने.सं. : ११४६ गुंलागा, बिहीवार

विषयः विद्यालय सामाजिक परीक्षण सम्पन्न गरी प्रतिवेदन पेस गर्ने सम्वन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
सिमकोट गाउँपालिका, हुम्ला ।

प्रस्तुत विषयमा यस सिमकोट गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरूलाई विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ बमोजिम विद्यालयको सामाजिक परीक्षण सम्पन्न गरी २०८३ भदौ मसान्त भित्र प्रतिवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विद्यालयको शैक्षिक, व्यवस्थापकीय, आर्थिक तथा भौतिक पक्षमा पारदर्शिता, जवाफदेहिता, सहभागिता तथा सुधार अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण गर्नुपर्ने भएकाले देहायबमोजिमका कार्यहरू अनिवार्य रूपमा सम्पन्न गर्नुहुन अनुरोध छ ।

देहायः

१. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ बमोजिम विद्यालय सामाजिक परीक्षण समिति गठन/व्यवस्था गरी सामाजिक परीक्षणको कार्य अगाडि बढाउने ।

२. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ को दफा ५ को उपदफा १ का विषयवस्तुहरु समेट्नुपर्ने ।

३. सामाजिक परीक्षणका लागि आवश्यक प्राविधिक सहयोग तथा मूल्याङ्कन कार्यको लागि विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ को दफा ३ को उपदफा ३ बमोजिमको प्राविधिक उपसमिति मार्फत गराउने र सो समितिले तयार गरेको प्रतिवेदन सामाजिक परीक्षण समितिमा पेस गर्ने ।

४. सामाजिक परीक्षणबाट प्राप्त नतिजा,उपलब्धि,समस्या,चुनौती तथा सुधार गर्नुपर्ने विषयहरू समेटी सरोकारवालाहरूसँग सार्वजनिक सुनुवाइ गर्ने ।

५. विद्यालय सामाजिक परीक्षणको प्रतिवेदन विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ को अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित ढाँचा बमोजिम तयार गर्ने ।

६. सामाजिक परीक्षणबाट प्राप्त सुझाव तथा सुधारका विषयहरूलाई आगामी विद्यालय सुधार योजना तथा वार्षिक कार्यक्रमसँग आबद्ध गरी कार्यान्वयन गर्ने ।

७. सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन विद्यालय व्यवस्थापन समिति समक्ष पेस गरी आवश्यक निर्णय तथा सुझाव समावेश गर्ने ।

८. सामाजिक परीक्षण सम्पन्न भएपछि IEMIS मा समेत अद्यावधिक गर्ने ।

९. सामाजिक परीक्षण गर्दा विद्यालयको वास्तविक अवस्था झल्किने गरी तथ्य, प्रमाण तथा अभिलेखका आधारमा निष्पक्ष र पारदर्शी रूपमा मूल्याङ्कन गर्नुपर्नेछ ।

......
डम्मर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत